हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

(आ.व. २०७९/०८०) वैठक नं.

आज मिति २०७९ साल श्रावण २४ गते मंगलबारका दिन हरिपुर नगर कार्यपालिकाको नवौं नगर कार्यपालिका वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी बाबु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | ~~हरि बहादुर थापा~~ सुनैना चौधरी | सदस्य (वडाअध्यक्ष वडा नं.८) (का.वा वडाअध्यक्ष) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | दिवाकर भुजेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिती २०७९।०४।२४

**मिति २०७९/०४/२४ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव तथा निर्णयहरु**

प्रस्तावहरु :

१. स्थानीय भूउपयोग परिषद र भूउपयोग कार्यान्वयन समिति गठन सम्वन्धमा

२. व्यबसाय कर सम्वन्धी कार्यविधि २०७९ सम्वन्धमा ।

३. वाल अधिकार संरक्षण सम्वर्द्धन सम्वन्धी कार्यविधि २०७९ सम्वन्धमा ।

४. सडकबोर्ड तर्फका योजना माग सम्वन्धमा ।

५. विपद् व्यवस्थापन समिति गठन सम्वन्धमा ।

६. हरिपुर नगरपालिका विपद् पोर्टलमा हरिपुर नगरपालिकाबाट तथ्यांक तथा सूचना व्यवस्थापन कार्यविधि, २०७९ सम्वन्धमा ।

७. नगर प्रमुख र नगर उपप्रमुखको स्वकीय सचिवालय गठन तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९ सम्वन्धमा ।

८. रिक्त पदहरु पदपूर्ति गर्ने सम्वन्धमा ।

९. विद्यालय शैक्षिक अनुदान सम्वन्धमा ।

१०. Helping Hands संस्थाद्वारा संचालन हुने शैक्षिक कार्यक्रम सम्वन्धमा

११. कृषक समुह गठन/पुनः गठन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्वन्धमा ।

१२. न्यूनतम मूल्याँकन पुस्तिका सम्वन्धमा ।

१३ स्थानीय दररेट सम्वन्धमा ।

१४. इजाजत प्रमाणपत्र सम्वन्धमा ।

१५. महिला फिडर छात्रावास भवन भत्काउने सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको भूउपयोग क्षेत्र तथा भूउपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागि भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिम यस नगर कार्यपालिकाले स्थानीय भूउपयोग परिषदको रुपमा कार्य गर्ने र सोही ऐनको दफा २० बमोजिम स्थानीय भूउपयोग परिषदको कार्यमा सहयोग गर्न देहाय बमोजिमको एक भूउपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| (ग) नगर कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाका प्रमुखहरु | सदस्य |
| (घ) नगर कार्यपालिकाले तोकेका तपसिल बमोजिमका २ जना महिला सहित ४ जना | सदस्य |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिती २०७९।०४।२४

१. उपप्रमुख

२. नवीन चौधरी, वडा नं. ७

३. सन्तोष प्रसाद साह, वडा नं. ६

४. सिमरिखिया देवी दास, वडा नं. ६

(ङ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा **ब्यबसाय कर सम्वन्धी कार्यविधि २०७९** लाई नगरकार्यपालिकामा छलफल गरी आगामी नगरकार्यपालिका बैठकमा थप छलफल गरी पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस **हरिपुर नगरपालिका बाल अधिकार संरक्षण सम्वर्द्धन सम्वन्धी कार्यविधि २०७९** लाई नगरकार्यपालिकामा छलफल गरी आगामी नगरकार्यपालिका बैठकमा थप छलफल गरी पारित गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा चालु आर्थिक वर्षमा सञ्चालन हुने गरी विभिन्न योजनाहरु सडक बोर्डसँग माग गर्ने सम्वन्धमा थप छलफल गरी अगामी नगर कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा **हरिपुर नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापन गर्न बनेको विधेयक, २०७६** परिच्छेद-२ को ३ मा ब्यवस्था भए अनुसार देहाय बमोजिम हुने गरि नगर विपद् ब्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रम्ख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) विषयगत समितिका संयोजकहरु | सदस्य |
| (ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (च) सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| (छ) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (ज) हरिपुर नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेको संघीय सुरक्षा निकायको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (झ) हरिपुर नगरपालिकाको भौगलिक क्षेत्र भित्र रहेको प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ञ) नगर प्रहरी प्रमुख | सदस्य |
| (ट) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिका स्थित प्रमुख वा प्रतिनीधि | सदस्य |
| (ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनीधि (१) जना | सदस्य |

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्वन्धी मान्यता प्राप्त संस्थाको

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

मिती २०७९।०४।२४

| | | |
|---|---|---|
| | नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१) जना | सदस्य |
| (ढ) | गैरसरकारी संस्था महासँघका स्थानीय प्रतिनिधि (१) जना | सदस्य |
| (ण) | नेपाल पत्रकार महासँघको स्थानीय प्रतिनिधि (१) जना | सदस्य |
| (त) | विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख | सदस्य सचिव |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा **विपद् पोर्टलमा स्थानीय तहबाट तथ्याँक तथा सूचना ब्यवस्थापन कार्यविधि २०७९** लाई पारित गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा **हरिपुर नगरपालिका, नगर प्रमुख र नगर उपप्रमुखको स्वकीय सचिवालय गठन तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९** लाई पारित गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरको नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालय र स्वास्थ्य संस्थाहरुमा रिक्त रहेका तपसिल बमोजिमका स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीहरु र अमिन पदको पदपूर्तिको लागि नियमानुसार खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपुर्तिको प्रकिया नगर कार्यपालिकाको कार्यालयले अघि बढाउने निर्णय गरियो ।

तपसिल

**स्वास्थ्य तर्फ** : (१) अ.न.मी. - ५

(२) कार्यालय सहयोगी - ३

(३) ल्याव असिस्टेन्ट - १

**नगरपालिका कार्यालय र वडा कार्यालय तर्फ** (१) अमिन - १

(२) कार्यालय सहयोगी - ५

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को असरबाट विद्यालयको शिक्षण सिकाई कृयाकलापमा भएको शैक्षिक क्षति न्यूनिकरण गर्नको लागि थप सिकाई वातावरण सृजना गर्न तथा विद्यार्थीको अनुशासन, अभिभावक शिक्षा, शिक्षक तालिम र आवश्यक थप शैक्षिक सामाग्रीको व्यवस्थापन गरि प्रभावकारी शिक्षण सिकाईको माध्यमले यस हरिपुर नगरपालिका अन्तर्गत सञ्चालित सवै सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर उकास्ने प्रयोजनको लागि यस हरिपुर नगरपालिकाको दशौं नगरसभाबाट स्वीकृत ब.उ.शी. नं. २२५२९ शीर्षकमा विनियोनित रकम रु. ६०,००,०००।०० वाट तपसिल बमोजिमको विद्यालयहरुमा निम्नानुसारको फाँटवारी अनुसारको रकम शैक्षिक अनुदानको रुपमा उपलब्ध गराउने निर्णय पारित गरियो ।

तपसिल

| क्र.स. | तह | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|
| १ | मा.वि. तह (१-१२) | ६ | ४,८०,०००।०० | २८,८०,०००।०० |
| २ | आधारभुत तह ( १-८) | ७ | ३,६०,०००।०० | २५,२०,०००।०० |
| ३ | प्राथमिक तह (१-३) | २ | ३,००,०००।०० | ६,००,०००।०० |
| | | | जम्मा | ६०,००,०००।०० |

मिती २०७९।०४।२४

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस हरिपुर नगरपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा परियोजना सञ्चालन गर्ने गरि गैर सरकारी संस्था हेल्पिङ्ग ह्याण्ड फर रिलिफ एण्ड डेभलप्मेन्ट र यस हरिपुर नगरपालिका बीच मिति २०७९/०४/२२ गते सम्झौता भएको व्यहोरा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा **कृषक समुह गठन/पुन: गठन तथा ब्यवस्थापन कार्यविधि २०७९** लाई नगरकार्यपालिकामा छलफल गरी आगामी नगरकार्यपालिका बैठकमा थप छलफल गरी पारित गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा मालपोत कार्यालय, बरहथवा, सर्लाहीको प.सं. २०७९।०८०, चलानी नम्वर २८, मिति २०७९।०४।०४ गतेको प्राप्त पत्रानुसार यस जिल्लाको नगरपालिकाको साविक (गंगापुर सितापुर) गा.वि.सं स्थित जग्गाहरुको आ.व. २०७९।०८० को लागि जग्गाको रजिष्ट्रेशन पारित गर्दा थैली अंक कायम गर्ने प्रयोजनको लागि मालपोत नियमावली २०३६ (संशोधन सहित) को दफा ५ (ख) मा गठित न्यूनतम मूल्यांकन समितिको मिति २०७९।०३।३० गते प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकबाट मिति २०७९।०४।०१ गते देखि लागु हुने गरी न्यूनतम मूल्य निर्धारण भएको पुस्तिका नगर कार्यपालिकाको सदस्यहरुलाई जानकारी गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा आ.व. २०७९।०८० को लागि जिल्ला स्तरीय दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेटलाई नै यस नगरपालिकाको हकमा स्थानीय दररेट कायम गर्ने निर्णय गरियो

१४. प्रस्ताव नं. १४ माथी छलफल गर्दा डि.ए.भी. इन्जिनियरिङ्ग कन्सलटेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. हरिपुरलाई प्राविधिक प्रतिवेदन लगायत आवश्यक सम्पुर्ण कागजातको आधारमा नियमानुसार निर्माण व्यवसायको लागी "घ" वर्गको इजाजत प्रमाणपत्र दिने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथी छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको श्री महावीर जनता माध्यमिक विद्यालयमा रहेको २ कोठे २ तल्ले महिला फिडर छात्रावास भवन मिति २०७२ साल वैशाख १२ गते आएको भुकम्पको कारण जीर्ण भई सोही बखत देखि प्रयोग विहिन भएको र हाल चर्केको छत आफै खस्न थालेको हुँदा कुनै दुर्घटना वा मानवीय क्षती हुन सक्ने सम्भावना रहेको भनी भवन भत्काउने सम्वन्धी विद्यालय व्यवस्थापन समितिको मिति २०७८।०५।२५ गतेको निर्णय, विद्यालयको प.सं. २०७८।०७९, च.नं. २४, मिति २०७८।०५।२७ गतेको प्राप्त पत्र, यस नगरपालिकाको प्राविधिक शाखाको मिति २०७८।०९।२७ गतेको प्राविधिक प्रतिवेदन र इलाका प्रहरी कार्यालय हरिपुरको प.सं. २०७८।०७९, च.न.. १७९६, मिति २०७९।०३।३१ गतेको वडाध्यक्षको रोहबरमा भएको स्थलगत सर्जमिन मुचुल्का सहित प्राप्त पत्र समेतको आधारमा सम्भावित जोखिमबाट बचाउन उक्त महिला फिडर छात्रावास यथाशीघ्र भत्काउने निर्णय गरियो ।